नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

# हेभी इक्विपमेन्ट डिभिजन, नेपालगन्ज

सूचना नं. ०१/परामर्श/०७८/०७९

## सेवा करार खरिदसम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

*प्रथमपटक प्रकाशित मितिः २०७९।०२।२४*

यस कार्यालयको चल-अचल सम्पत्ति समेतको चौबिसै घण्टा सुरक्षा प्रदान गर्न सुरक्षा गार्डको सेवा आपूर्ति कार्य करारमा लिनु पर्ने भएकोले इच्छुक र नेपाल सरकारबाट ईजाजत प्राप्त सेवा प्रदायक फर्म/कम्पनी वा संस्थाहरूबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र फारम खरिद गर्न यो सूचना प्रथमपटक प्रकाशित भएको मितिदेखि १५औं दिन कार्यालय समय भित्र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धम्बोझी ,नेपालगन्ज शाखामा रहेको राजस्व खाता नं. १०००१००२०००१००००, राजस्व शिर्षक नं. १४२२९, यस कार्यालयको कार्यालय कोड ३३७०१५७०४ मा दाखिला गरेको नियमानूसार लाग्ने राजस्व दस्तूरको सक्कल भौचर रु १,०००/०० (फिर्ता नहूने गरी) को साथमा देहायका कागजातहरूको प्रमाणित प्रतिलिपीका साथ निवेदन पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ।

- × अधावधिक फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- × मू.अ.करमा दर्ता भएको (स्थायी लेखा दर्ता) प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।
- × आ. व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
- × फर्मले कार्य सञ्चालन गर्न सम्बन्धित निकायबाट प्राप्त गरेको प्रमाणित प्रतिलिपी। (म्याद अधावधिक भएको हून पर्ने)
- × कूनै सरकारी कार्यालय, कुटनैतिक नियोग वा सार्वजनिक संस्था/निकाय मा सन्तोषजनक रूपमा कम्तिमा २ (दुई) वर्ष सम्बन्धित सेवा उपलब्ध गराएको कार्य अनुभवको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।

२. सिलबन्दी दरभाउपत्रपत्र साथ दरभाउपत्र जमानत बापतको रकम रु.५०,०००/००(पचास हजार मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय, बाँकेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धम्बोझी ,नेपालगन्ज शाखामा रहेको धरौटी खाता नं. ४१३०१००१०२०३००००, यस कार्यालयको कार्यालय कोड नं. ३३७०१५७०४ मा दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको पक्षमा, नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरूबाट जारी गरिएको बैक जमानीपत्र unconditional Bid Bond) दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ।

३. खरिद गरिएका दरभाउपत्रहरू सिलबन्दी गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ। रित नपुगेको र म्याद नाघी आएका दरभाउपत्रहरू उपर कुनै कारबाही गरिने छैन।

४. दाखिला हुन आएका दरभाउपत्रहरू दाखिला गर्ने अन्तिम दिन दिनको १४:०० बजे यस कार्यालयमा दरभाउपत्रदाताहरू वा निजका प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। तर निजहरूको अनुपस्थितिमा पनि दरभाउपत्रहरू खोल्न बाधा पर्ने छैन।

५. दरभाउपत्र फारम खरिद गर्ने, दरभाउपत्र फारम पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो कार्य कार्यालय खुलेको दिन उपरोक्त तोकिएको समयमा सम्पन्न हुनेछ। दरभाउपत्र आंशिक वा पूर्णरूपले कुनै कारण जनाई वा नजनाई स्विकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. दरभाउपत्रदाताले कबोल गरेको इकाई दररेट तथा कूल रकम, अंक र अक्षरमा प्रष्ट हुनेगरी उल्लेख गर्नु पर्नेछ। दररेटमा उल्लेखित अंक र अक्षरमा फरक फरक पर्न गएमा अक्षरमा लेखिएको र दररेट अनुसार हुने कूल रकम कायम हुनेछ।

७.दरभाउपत्र सम्बन्धी अन्य शर्तहरू दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

८. अन्य कार्यविधिहरू अधावधिक सार्वजनिक खरिद ऐन, सार्वजनिक नियमावली तथा नेपाल सरकारका प्रचलित कानुन बमोजिम हुनेछन्।

| सि.न | ठेक्का नं. | विवरण | आवश्यक संख्या | दरभाउपत्र फारम दस्तूर रु | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सूचना नं. ०१/परामर्श/०७८/०७९ | सुरक्षा गार्डको सेवा आपूर्ति कार्य | ६ (छ) जना | १,०००/- | ५०,०००।०० | विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ। |

CamScanner